# थलारा गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## खोली, बझाङ
## सुदूरपश्चिम प्रदेश, नेपाल

प.सं. २०८२/०८३
च.नं

**स्थानीय स्वंयसेवक ब्यूरो गठन तथा परिचालन लागि स्वंयसेवक पदपूर्ति सम्बन्धी सूचना ।**

**सूचना प्रकाशित मिति : २०८३/०१/३०**

स्थानीय स्वंयसेवक ब्यूरो गठन तथा परिचालन कार्यविधी २०८१ को परिच्छेद – ४ को दफा ११ को स्थानीय स्वंयसेवक ब्यूरो गठन तथा परिचालन लागि स्वंयसेवक पदपूर्ति गर्नु पर्ने भएकोले देहाय बमोजिमको योग्याता पुगेका थलारा गाँउपालिका भित्रका इच्छुक नागरिकहरुले यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्र सम्बन्धित वडाको वडा कार्यालय तथा थलारा गाउँपालिकाको स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्रमा दरखास्त पेश गर्नु हुन सम्बन्धित सबैमा जानकारीका लागि यो सूचना प्रकाशित गरिन्छ ।

**१. आवेदन फारमः** थलारा गाँउपालिकाको कार्यालय अथवा वडा कार्यालय र गाँउपालिकाको वेवसाइटमा www.thalaramun.gov.np बाट पनि प्राप्त गर्नु सकिने छ ।

**२. न्यूनतम शैक्षिक योग्यताः**

क. स्वयंमसेवकको कार्यक्षेत्र र विषयगत क्षेत्र अनुसारको अनुभव, योग्यता, सिप, क्षमता, र स्तर निर्धारण तथा प्रमाणित भएको कुनै कागजात विशेष प्राथमिकता हुनेछ ।

ख. स्थानीय स्वंयसेवक ब्यूरो सदस्यताका लागि उक्त व्यक्ति थलारा गाँउपालिकाको स्थायी बसोवास गरेको वा कम्तिमा १० वर्षदेखि बसोवास गर्दै आएको हुनु पर्ने छ ।

ग. आवेदकको उमेर १८ देखि ४० वर्ष हुनु पर्ने छ ।साथै उक्त व्यक्तिको स्वयंसेवाको भावना तथा उपलब्धतालाई पनि मध्येनजरमा लिएर सदस्यता प्रदान गरिने छ ।

**३. दरखास्त बुझाउने स्थानः** थलारा गाउँपालिकाको स्थानीय आपतकालिन कार्यसञ्चालन केन्द्र तथा वडा कार्यालयमा बुझाउन सकिन्छ ।

..............................
प्रकाश भण्डारी
विपद् सम्पर्क व्यक्ति

## अनुसूची- १ स्वयंसेवकको कार्य विवरणमा समावेश हुनुपर्ने बुँदाहरू

- आफूले खटिएको कार्यक्षेत्रमा प्रतिवद्ध भई सामूहिक कार्यमा लाग्नुपर्ने ।
- स्वयंसेवक आफै स्वतः स्फुर्त रूपमा मानवीय सहायताको लागि परिचालन हुनुपर्ने ।
- स्वयंसेवाको लागि आबश्यकतानुसार जुनसुकै समयमा पनि तत्परताका साथ परिचालित हुनुपर्ने ।
- स्वयंसेवकले कार्यक्षेत्रमा खटिदाँ आधारभूत मानवीय मूल्य मान्यतालाई आत्मसाथ गर्नुपर्ने ।
- स्वयंसेवकले सेवा प्रवाह गर्दा तटस्थता र निष्पक्षता कायम गर्नुपर्ने ।
- स्वयंसेवकले आफूले सम्पादन गरेको कामको विवरण सम्बन्धित व्यूरोलाई नियमितरूपमा जानकारी गराउनु पर्ने ।
- स्वयंसेवकले कार्यक्षेत्रमा खटिदाँ पीडितलाई आवश्यकतानुसार मनोसामाजिक परामर्श दिनुपर्ने ।
- आफ्नो दक्षता अभिवृद्धिका लागि प्रयत्नशील हुनुपर्ने ।
- स्वयंसेवा कार्यमा सक्षमताका साथ आफ्नो ज्ञान, सिप र क्षमताको प्रयोग गर्नुपर्ने ।
- स्वयंसेवा निःस्वार्थ तथा भेदभावरहित गर्नुपर्ने ।
- स्वयंसेवा आफ्नो सुरक्षा पहिला (Safety First)", "परस्पर मद्दत अवधारणामा आधारित भई सुरक्षासम्बन्धी सबै मापदण्ड पालना गर्नुपर्ने ।
- सङ्कटाभिमुख मानिसहरूले विभिन्न अवस्थामा विवेकभन्दा भावनाबाट प्रेरित भई प्रतिक्रिया गर्न सक्छन् भन्ने कुराको जानकारी स्वयंसेवकमा हुनुपर्छ ।
- आवश्यक नभएको सहायता बिरलै ग्राह्य हुन्छ र कुनै व्यक्तिसँग यसलाई अस्वीकार गर्ने अधिकार हुन्छ भन्ने कुरा स्वयंसेवकले मनन गर्नुपर्छ ।

थलारा गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय खोली, बझाङ सुदूरपश्चिम प्रदेश, नेपाल